# लाले र लाली



Save the Children

यो चित्रकथाको किताब हो । विशेषगरी यो सामग्री बालविकास केन्द्र तथा प्रारम्भिक तहका बालबालिकाहरूको पठन सक्षमताका साथै पठन संस्कृतिको विकास गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले तयार पारिएको हो । चित्रात्मक शैलीमा प्रस्तुत गरिएको यो सामग्री बालबालिकाहरूले स्वअध्ययनका साथै शिक्षक वर्गले कक्षाकोठामा पठनका विविध क्रियाकलापहरू सञ्चालन गर्नमा पनि प्रयोग गर्न सक्नुहुने छ ।


| | |
|---|---|
| पुस्तक | : लाले र लाली (रुसी लोकथामा आधारित) |
| विधा | : कथा |
| पूर्नकथन | : अनन्त वाग्ले |
| चित्र | : समित श्रेष्ठ |
| भाषा सम्पादन | : पुरुषोत्तम घिमिरे |
| लेआउट/डिजाइन | : रामकृष्ण श्रेष्ठ |
| सर्वाधिकार | : सेभ द चिल्ड्रेनमा |


Save the Children


Nepal Country Office
GPO Box : 3394, Airport Gate
Sambhu Marg, Sinamangal, Kathmandu
Tel : +977-1-4468130, 4464803, Fax : +977-1-4468132
Email : post.nepal@savethechildren.org


# लाले र लाली

(कथा किताब)




पुनर्कथन : अनन्त वाग्ले

चित्र : समित श्रेष्ठ

Save the Children

लाले र लालीको घर
खोलामा थियो ।





लाले र लाली खोलामा पौडिरहेका थिए ।
धेरै पौडिएपछि किनारमा आए ।



लालीले भनी, “सरर पिङ खेलौँ न अब ।
कति पौडनु मात्र !”





लाले र लालीले पिङ बनाउने
निधो गरे । लालेले एकैछिनमा
डोरी बोकेर आयो ।





लाले र लालीले पिङ बनाउने रुख खोज्न थाले । धेरै हिंडे तर रुख पाएनन् ।







आखिरीमा उनीहरूले दुईओटा मिलेका दरा बिरुवा देखे । बिरुवा पानीबाटै चढ्न सकिन्थ्यो ।



लाले एउटा बिरुवामा चढ्यो । लाली अर्को बिरुवामा चढी । दुवैले डोरी बाँधेर पिङ हाले ।





लाले र लाली पिङ्मा चढे ।

सरररर चचहुई...।

लाले र लालीले खुब पिङ खेले ।





पिङ त माथि माथि गयो ।

माथि माथि गयो ।





लाले र लाली डराए ।





पिङ हालेको बिरुवाको तल हेरे । जरा नै उखेलिएछ !

लाले र लाली अझै डराए ।



दुवैले माथि हेरे ।





ओहो ! ठुलो सारस पो रहेछ । उनीहरूले सारसको खुट्टामा पो पिङ हालेका रहेछन् ।



भन त, लाले र लाली कहाँ पुगे होलान् ?

ती रमाइलो ठाउँमै पुगे होला हगि ?



